बैठक संख्या :७४

आज मिति२०७७/०८/१६ गते...२... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय् | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रबिधि अधिकृत | |
| २५ | श्री तुलसा अर्याल | सहायक पाचौं | |
| २६. | श्री सुरेन्द्र राज लम्साल | सामाजिक सल्लाहकार | |

## प्रस्तावहरु

१) प्रदेशमा पठाएको समपूरक योजनाको संशोधन सम्बन्धमा ।
२) झोलुङ्गे पुलको सम्झौता सम्बन्धमा ।
३) उपभोक्ता समितिको सम्झौताको म्याद थप सम्बन्धमा ।
४) समन्वय समितिमा पठाइएको योजना संशोधन सम्बन्धमा ।
५) सडक विस्थापित , सोलार बत्ती तथा सि.सि. क्यामेरा वेलभरीया मदरसामा बजेट व्यवस्थापन सम्बन्धमा ।
६) मेडेप कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।
७) हाट बजार तथा बसपार्क ठेक्काको निरन्तरता सम्बन्धमा ।
८) ढुङ्गा, गिटी, बालुवाको ठेक्काको रकम फिर्ता गर्ने सम्बन्धमा ।
९) नेपाल अपांग महिला संघलाई परियोजना सञ्चालन स्वीकृती सम्बन्धमा ।
१०) औधौगिक ग्रामका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
११) कृषि तथा पशु समिति गठन सम्बन्धमा ।
१२) प्याजको गानो उत्पादन कार्यक्रम सम्बन्धमा ।
१३) कृषक समुहको नवीकरण अवधी सम्बन्धमा ।
१४) विविध ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०७७/०५/०९ गते स्वीकृत गरि पठाएको समपुरक अनुदान अन्तर्गतको शिव मन्दिरको चारै तिर सडकमा ब्लक विच्छ्याउने कार्य योजना स्वीकृत भएकोमा सोही स्थानको लागि शहरी विकास तथा भवन कार्यालय लुम्बिनी प्रदेशको मिति २०७७/०४/१२ को पत्रबाट सोही काम गर्न योजना स्वीकृत भई सकेको हुँदा प्रदेश समपुरक अनुदान अन्तर्गतको उपरोक्त योजनाको सट्टामा गौढी चौक देखि कबर्ड हल हुदै पश्चिम राजकुलो सम्म सडक आर.सि.सि. निर्माण योजना कायम गरिदिन आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. २ जमुवार खोलामा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट स्वीकृत झोलुङ्गे पुल निर्माणको लागि गैर सरकारी संस्था छनौट गरी काममा लगाउनु पर्ने भएकोले उक्त कामको लागि लुम्बिनी एकीकृत विकास संस्था (लिडो) संग सम्झौता गरी कार्य अघि बढाउने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सातौ नगर सभाको निर्णयले चालु आ.व. मा २०७७ कार्तिक मसान्त सम्म उपभोक्ता समितिसंग सम्झौता गर्ने अवधी तोकिएकोमा कोरोना भाइरसका कारण कार्यालय समेत केही दिन बन्द गर्नु परेको कारण अधिकांश योजना सम्झौता गर्न बाकी रहेकाले नगर सभाबाट अनुमोदन हुने गरी योजना सम्झौता गर्ने म्याद २०७७ पौष मसान्त सम्म कायम गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गत वर्ष जिल्ला समन्वय समितिमा माग गरिएका योजना मध्ये कोटिग्राम आधारभूत विद्यालय गोटिहवाको कम्पाउण्ड वाल निर्माण योजना क.व.न.पा. ५ स्वीकृत भएकोमा सो विद्यालयमा हाल कम्पाउण्ड वालको आवश्यकता नभएको हुँदा उक्त योजनाको सट्टामा कोटिग्राम आधारभूत विद्यालयको भवन निर्माण योजना क.व.न.पा. ५ स्वीकृतका लागि जिल्ला समन्वय समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी नगर सभाबाट बजेट व्यवस्थापन तथा अनुमोदन गर्ने गरी देहायका योजनाहरुको इष्टिमेट अनुसारको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

क) हुलाकी सडक निर्माण गर्ने क्रममा सडक मापदण्ड भित्रमा परेका घरहरु भत्काउदा पूर्ण रुपमा विस्थापित नै हुन पुगेका व्यक्तिहरुलाई राहत कार्यक्रम ।

ख) सडक मर्मतबाट विग्रे भत्केका सोलार बत्तीको मर्मत तथा निर्माण ।

निर्णय प्रमाणित ।
२०७७/८/१६

ग) बजार क्षेत्रमा सि.सि.टि.भी. क्यामरा जडान गर्ने ।

घ) बेलभरिया मदरसाको लागि रु. ६ लाख ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा शसर्त कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को कार्यक्रम स्वीकृत गरी आवश्यक पर्ने सहजकर्ताको विज्ञापन गर्ने तथा सञ्चालन कार्यविधि अन्तर्गत रही कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७६/०७७ मा आन्तरिक आय ठेक्का अन्तर्गत लगाइएका हाटबजार तथा बसपार्कको आय ठेक्का नेपाल सरकारको निर्णय अनुसार कोभिड-१९ को कारण लकडाउन भई २०७६ चैत्र देखि २०७७ असार मसान्त सम्म सुचारु हुन नसकेको सन्दर्भमा नगरपालिकालाई थप आर्थिक भार नपर्ने गरि उक्त ४ महिना बराबरको समय साविककै ठेकेदारहरुलाई दिने गरी हाटबजार तथा बसपार्क ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७६/०७७ मा आन्तरिक आय ठेक्का अन्तर्गत बाणगंगा खोला अन्तर्गतका प्याकेजहरु निग्लिहवा नाका, सगरहवा नाका, तिलौरी नाका, मालपारा घाट नाका, बिजगौरी घाट नाका, र अकबरपुर घाट नाकाका खोलामा नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गरिएकोमा नेपाल सरकारले कोभिड-१९ को कारण जारी लकडाउनबाट २०७७ जेष्ठ मसान्त सम्म उत्खनन तथा ढुवानी गर्ने अवधी सम्म काम गर्न नपाएको तर निज ठेकेदारहरुले सम्झौता गर्दाकै अवस्थामा बुझाउनु पर्ने सबै रकम कार्यालयमा दाखिला भएको हुँदा निजहरुले रोयल्टी फिर्ता माग गरेको सन्दर्भमा उक्त अवधीमा अधिकारिक दिन लकडाउन जम्म ७१ दिन भएको देखिएकोले सम्झौता भएको दिनबाट लकडाउन भएको दिन बराबरको रकम हिसाब गरी ७१ दिन बराबरको रकम लिन निज ठेकेदारहरु मञ्जुर भएमा आगामी हिउँदे नगरसभामा बजेट व्यवस्थापन गरी निजहरुलाई रोयल्टी फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल अपाङ्ग महिला संघले यस नगरपालिकामा 'हिंसा विरुद्ध समावेशी साझेदारी परियोजना' सञ्चालन गर्न अनुमति माग गरेको हुँदा सो कार्यक्रमको बजेट तथा कार्यक्रम अग्रिम रुपमा नगरपालिकामा पेश गर्ने गरी उक्त परियोजना सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

घरेलु तथा साना उद्योग कार्यालय तौलिहवाले यस नगरपालिकामा औद्यागिक ग्राम निर्माण गर्न जग्गा माग गरेको सर्न्दभमा यस नगरपालिका अन्तर्गत साविक गा.वि.स. सौरहा हाल क.व.न.पा. वडा नं. १२ मा रहेको वडा नं. ३ (क) कि.नं. ८८७ क्षेत्रफल ५४ विघा १३ कट्ठा ५ धुरको ऐलानी जग्गा औद्योगिक ग्राम निर्माणको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०७७/०६/११ म नगर प्रमुख स्तरीय निर्णयबाट गरिएको कृषि तथा पशु समितिको गठनलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा २०७७/०६/२५ मा निर्णय गरिएको प्याजको गानो उत्पादन कार्यक्रम अन्तर्गत वितरण गरिएका कृषकहरुलाई अनुमोदन गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस कार्यालयबाट दर्ता गरिने कृषक समुहको नविकरण हरेक दुई वर्षमा गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित ।

२०७७।८।१६

**निर्णय नं. १४**

**विविध निर्णयहरु**

१. प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं. ८ मा आयुर्वेद अस्पताल निर्माण गर्नको लागि जग्गा व्यवस्थापन गर्ने नगर प्रमुख स्तरीय निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

२. कपिलवस्तु नगरपालिका वडा नं. १ को मिति २०७७/०८/१५ को पत्रबाट अनुरोध भए बमोजिम नगर स्तरीय योजना कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तुको छेउमा बाल उद्यान पार्कको योजनामा विनियोजित रकमबाटै सो योजनाको डि.पि.आर. गर्ने र डि.पि.आर. बमोजिम नपुग रकम संघ तथा प्रदेशमा माग गर्ने निर्णय गरियो ।

३. कपिलवस्तु नगरपालिका वडा नं. १ मिति २०७७/१/१६ च.नं. ३५५ को पत्रबाट अनुरोध भए बमोजिम आ.व. २०७७/०७८ मा विनियोजित मस्जिद र मन्दिर मर्मत समर शिर्षकको रकमबाट रु. १ लाख चिल्ड्रेन पार्क शिर्षकमा रकम थप गर्ने ।

४. कपिलवस्तु नगरपालिका वडा नं. ५ मिति २०७७/८/१५ च.नं. ३०० को पत्रबाट अनुरोध भए बमोजिम मर्मत सम्भार शिर्षकको रकमबाट निम्न शिर्षकमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) शिवरामपुर मस्जिदमा एम्पलिफायर खरिद गर्न रकम रु. २५ हजार ।

ख) बभनी मन्दिर तथा किर्तन मण्डलीलाई लाउड स्पीकर तथा अन्य सामाग्री खरीद गर्न रकम रु. ३० हजार

ग) विश्व हिन्दु परिषद नेपाललाई ट्राली साउण्ड तथा कुर्सी खरीद गर्न रकम रु. १२ हजार

घ) शिवरामपुर मन्दिरमा लाउड स्पीकर खरीद गर्न रकम रु. ३० हजार

ङ) शिवपुरा मन्दिरमा लाउड स्पीकर खरीद गर्न रकम रु. ३२ हजार

च) गोटिहवा मस्जिदमा लाउड स्पीकर खरीड गर्न रकम रु. २५ हजार

छ) दलदलहा किर्तन मण्डलीमा हरमोनिया खरीद गर्न रकम १६ हजार

ज) कपियवा हनुमान मन्दिर निर्माण गर्न रकम रु. १५ हजार

५. कपिलवस्तु नगरपालिका वडा नं. १२ स्थित मदरसा अहले सुन्नत तलिमुन र कपिलवस्तु नगरपालिका वडा नं. ११ स्थित मदरसा हुदा सेन्टरले कक्षा १ को अनुमति माग गरेको सन्दर्भमा शिक्षा शाखाबाट अनुगमन हुदा अनुमति दिन योग्य देखिएको हुदा उक्त विद्यालयहरुलाई धार्मिक विद्यालयको रुपमा कक्षा १ को स्वीकृति दिने निर्णय गरियो ।

६. कपिलवस्तु नगरपालिका वडा नं. ७ मिति २०७७/०८/१५ च.नं. ३०० को पत्रबाट अनुरोध भइ आए अनुसार सि.नं. ९६९ गरिब परिवारलाई छानो शिर्षक परिवर्तन गरी कुसुन गुडिया तालिम गर्ने, तथा सि.नं. ९७७ गाउँ भित्र माटो ग्राभेल पश्चिम बरगदवा रु. १ लाख ५० हजारको सट्टामा धमौली गाउँमा रहेको कालीमाई स्थान निर्माण रु. २ लाख ५० हजार कायम गर्ने निर्णय गरियो ।

७. आ.व. २०७७/०७८ देखि दुई वर्ष अवधीको लागि तयार गरिएको खोलाको आई.ई.ई. स्वीकृत गरी आई.ई.ई. ले देखाएको परिमाण बमोजिम नदीजन्य पदार्थ उत्खनन् गर्ने आन्तरिक आयको नगरपालिकाले तयार गरेको कार्यविधि बमोजिम ठेक्का बन्दोबस्त गर्ने साथै बाणगंगा नदीको रामघाट नाकाको विषयमा बुद्धभुमी नगरपालिकासंग समन्वय गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

विविध को निर्णय नं. ६ को मेरो सहमती छैन।

निर्णय प्रमाणित।

२०७७/८/१८

८. कपिलवस्तु नगरपालिकाको सातौ नगर सभाबाट स्वीकृत सि.नं. २४३ अधुरो विद्यालय भवन निर्माण शिर्षकमा विनियोजित रकम रु. ६० लाखलाई निम्न विद्यालयहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) गुम्बा प्रा.वि. डेरवा | वडा नं. ३ | - रु. २५ लाख |
| ख) कृति प्रा.वि. महुवा | वडा नं. ४ | - रु. ८ लाख |
| ग) महादेव प्रा.वि. दलदलहा | वडा नं. ५ | - रु. ८ लाख ४१ हजार |
| घ) पिपरहवा प्रा.वि. | वडा नं. १२ | - रु. २८ लाख |

९. कोरोना महामारीले उत्पन्न गरेको समस्याले गर्दा कपिलवस्तु नगरपालिकामा विरामीहरुलाई अस्पताल सम्म पुऱ्याउन एम्बुलेन्सको अभाव देखिएको हुदा विरामीहरुलाई छिटो छरितो सेवा उपलब्ध गराउनको लागि भारतीय राजदुतावासबाट एक थान एम्बुलेन्स माग गर्ने निर्णय गरियो ।

१०. आ.व. २०७७/०७८ मा कपिलवस्तु नगरपालिकाको सातौं नगरसभाबाट वडा नं. ९ को लागि स्वीकृत तपसिल बमोजिमको सि.नं. को योजना तथा बजेटलाई संशोधन गरी अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

क) आ.व. २०७७/०७८ को सातौं नगरसभाबाट स्वीकृत सि.नं. ११५३ क.व.न.पा. ९ केवलपुर घनश्यामको घर देखि जरलैया जाने सडक पि.सि.सि.मा विनियोजित रकम रु. ४ लाखलाई क.व.न.पा. ९ केवलपुर घनश्यामको घर देखि जरलैया जाने सडक स्तरोन्नतीमा विनियोजन गर्ने ।

ख) आ.व. २०७७/०७८ को सातौं नगरसभाबाट स्वीकृत सि.नं. ११५६ क.व.न.पा. ९ केवलपुर जोगीकुटी देखि उत्तर घनश्यामको घर सम्म सडक पि.सि.सि. ढलानमा विनियोजित रकम रु. ४ लाखलाई क.व.न.पा. ९ केवलपुर जोगीकुटी देखि उत्तर घनश्यामको घर सम्म सडक स्तरोन्नतीमा विनियोजन गर्ने ।

११. कपिलवस्तु नगरपालिका वडा नं. ११ को मिति २०७७/०८/१५ च.नं. ३६६ को पत्रानुसार आ.व. २०७७/०७८ मा कपिलवस्तु नगरपालिकाको सातौं नगरसभाबाट वडा नं. ११ को लागि स्वीकृत तपसिल बमोजिमको योजना. तथा बजेटलाई संशोधन गरी अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

क) पशुपालक कृषकहरुलाई उन्नत घाँस खेती सम्बन्धी तालिम शिर्षकमा विनियोजित रकम रु. ६५ हजार हिउँदे वर्षिम घाँसको बिउ खरिद तथा वितरण गर्ने ।

ख) सिलाई कटाई तालिम शिर्षकमा विनियोजित रकम रु. १ लाख १० हजार कुशन डल तालिम संचालनमा विनियोजन गर्ने ।

ग) प्रकोप व्यवस्थापन कोषमा विनियोजित रकमबाट क.व.न.पा. ११ सोमई कुर्मीको पत्नी मान्ती कुर्मीलाई उपचारको लागि रु. १० हजार आर्थिक सहयोग गर्ने ।

१२. कपिलवस्तु नगरपालिका वडा नं. ११ को मिति २०७७/०८/१५ च.नं. ३६७ को पत्रानुसार आ.व. २०७७/०७८ मा कपिलवस्तु नगरपालिकाको सातौं नगरसभाबाट वडा नं. ११ को लागि स्वीकृत भौतिक पूर्वाधार विकास तर्फको आयोजना अन्तर्गत रेहरा गाउँको पश्चिम जाने बाटोमा कल्भर्ट निर्माण शिर्षकमा विनियोजित रकम रु. २ लाख ५० हजारले उक्त आयोजना संचालन गर्न रकम रु. ५ लाख अपुग भएकोले अपुग रकम आगामी नगर सभाबाट अनुमोदन तथा विनियोजन गर्ने । साथै जहदी गाउँको कृषि सडकमा आवत जावतका लागि समस्या भएको हुँदा ६० मि.भि. को २ थान र ४५ मि.मि. को २ थान गरी जम्मा ४ थान ह्युम पाइप उपलब्ध गराउन आगामी नगरसभामा पेश गर्ने ।

निर्णय प्रमाणित ।
२०७७/०८/१८

१३. कपिलवस्तु नगरपालिका वडा नं. ८ को मिति २०७७/०८/१६ च.नं. २६८ को पत्रानुसार आ.व. २०७७/०७८ मा कपिलवस्तु नगरपालिकाको सातौँ नगरसभाबाट वडा नं. ८ को लागि स्वीकृत तपसिलका आयोजना संशोधन गर्न आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

क) पश्चिम मैनिहवामा विद्यालय भवन निर्माणको रकम रु. २३ लाख मध्ये सोही विद्यालयको शौचालय निर्माणमा रु. १० लाख बाउण्ड्रीवाल निर्माण ३ लाख तथा विद्यालय भवन निर्माणमा रु. १० लाख

ख) नगर स्तरीय बजेट अधरो स्वास्थ्य चौकीको विनियोजित रकम रु. १५ लाख मध्येबाट सोही स्वास्थ्य चौकीको वाउण्ड्रीवाल रु. ५ लाख अधुरो स्वास्थ्य चौकी भवन निर्माण १० लाख

ग) पश्चिम मैनिहवामा रहेको पोखरीमा माटो पटान शिर्षकको रु. ६ लाखबाट पूर्व दोहनीमा नाली निर्माण रु. १ लाख विपद व्यवस्थापनमा रकम रु. ५ लाख

१४. कपिलवस्तु नगरपालिका वडा नं. १० को मिति २०७७/०८/१६ च.नं. २६८ को पत्रानुसार आ.व. २०७७/०७८ मा कपिलवस्तु नगरपालिकाको सातौँ नगरसभाबाट वडा नं. १० को लागि स्वीकृत तपसिलका आयोजना संशोधन गर्न आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

क) वडा कार्यालय मर्मत सम्भार कार्यक्रममा विनियोजित रकम रु. १ लाख २० हजार वडा कार्यालय व्यवस्थापनमा विनियोजन गर्ने ।

ख) मर्मत सम्भारमा विनियोजित रकम रु. ३ लाख ५० हजार मध्ये रु. १ लाख मुलक देखि वडा कार्यालय जाने सडक पि.पि.सि. ढलानमा थप गर्ने ।

ग) अवलोकन भ्रमण (बालमैत्री बाल समूह बाल सञ्जाल र सरोकारवाला) मा विनियोजित रकम रु. १ लाख ५० हजार मध्ये बाल क्लब पुर्नगठन, बाल क्लब, बाल सञ्जाल बैठक व्यवस्थापनमा रु. ५० हजार तथा विर्ता मदरसा शौचालय निर्माणमा रु. १ लाख विनियोजन गर्ने ।

घ) तीज गीत प्रतियोगितामा विनियोजित रकम रु. ५० हजारलाई अतिथि सत्कार तथा सम्मान कार्यक्रममा विनियोजन गर्ने ।

१५. लक्षित वर्ग अन्तरगत दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग तथा पिछडा वर्गको आय आर्जनको माध्यमबाट गरिबी न्यूनिकरणको लागि नगर सभाले स्वीकृत गरेको कार्यक्रम तथा बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न नगर प्रमुखको संयोजकत्वमा ५ सदसीय लक्षित वर्ग उत्थान कार्यक्रम छनौट तथा वितरण व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**लक्षित वर्ग उत्थान कार्यक्रम छनौट तथा वितरण व्यवस्थापन समिति**

| | | |
|---|---|---|
| १. | श्री नगर प्रमुख | - संयोजक |
| २. | श्री प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. | श्री आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ४. | श्री जिन्सी उपशाखा प्रमुख | - सदस्य |
| ५. | श्री सामाजिक विकास शाखा प्रमुख | - सदस्य सचिव |

विविधको निर्णय नं. ६ को ... सहमति

निर्णय प्रमाणित ।

२०७७।८।१८